**नेपाल सरकार**
**वन तथा वातावरण मन्त्रालय**
**वातावरण विभाग**
**बबरमहल, काठमाडौं**

***सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५(३) तथा सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम आ.व. २०८१/८२ को चौथो त्रैमासिक (बैशाख देखी असार मसान्त सम्म) को सार्वजनिक गरिएको विवरण***

## १. विभागको स्वरुप र प्रकृतिः

नेपालको अन्तरिम संविधान, २०६३ को धारा १६ द्वारा प्रदत्त व्यक्तिको स्वच्छ वातावरणमा बाँच्न पाउने हकको सुनिश्चितताको लागि एवं वातावरण संरक्षण ऐन, नियमावली, निर्देशिका एवं मापदण्डहरुको प्रभावकारी कार्यान्वयन गर्न समेत मन्त्रालय अन्तर्गत कार्यान्वयनस्तरमा एक सशक्त निकायको आवश्यकता रहेको कुरालाई आत्मसात गर्दै नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०६९/०४/१२ को निर्णयानुसार वातावरण विभागको स्थापना भएको हो । औपचारिक रुपमा मिति २०६९/१२/०१ बाट काभ्रेपलान्चोक जिल्लाको पनौतिस्थित सूचना प्रविधि पार्कबाट कार्य प्रारम्भ गरेको विभागले मिति २०७०/०७/११ बाट कुपण्डोल, ललितपुरबाट कार्य गर्दै आएकोमा मिति २०७५ साल फाल्गुनबाट बबरमहल, वन परिसरभित्र रहेको छ ।

## २. विभागको काम, कर्तव्य र अधिकारः

विभागको स्वीकृत सांगठनिक संरचना अनुरुप कार्य विवरण देहाय बमोजिमको रहेको छः

- मन्त्रालयबाट सम्पादन हुने नीति तथा कानूनको तर्जुमा गर्दा आवश्यक प्राविधिक सहयोग प्रदान गर्ने।
- नीति, कानून तथा मापदण्डहरुको कार्यान्वयनको लागि योजना एवं कार्यक्रम तर्जु, कार्यान्वयन तथा अनुगमन एवं मूल्यांकन कार्य गर्ने ।
- कानूनद्वारा निर्दिष्ट अधिकारको कार्यान्वयन लगायत कानून उलङ्घन गर्नेलाई दण्ड एवं जरिवाना गराउन पहल कदम चाल्ने ।
- वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदनहरुको कार्यान्वयन सम्वन्धमा अनुगमन तथा मूल्यांकन एवं परीक्षण (auditing) सम्वन्धी कार्य गर्ने ।
- वातावरणीय गुणस्तर पालना सम्वन्धी अनुगमन ।
- वातावरणीय सचेतता एवं जनचेतना अभिवृद्धि कार्यक्रम कार्यान्वयन ।
- वातावरणीय तथ्यांक एवं सूचना प्रणालीको विकास एवं सूचना सामग्रीको वितरण ।
- जलवायु परिवर्तन अनुकुलन, प्रभाव न्युनिकरण, प्रविधि विकास, क्षमता अभिबृद्धि तथा प्रविधि हस्तान्तरण जस्ता मुख्य कार्यहरु ।

## ३. विभागमा रहने कर्मचारी संख्या र कार्यविवरणः

**विभागको वर्तमान दरवन्दी तेरिज**

| | |
|---|---|
| महानिर्देशक | १ |
| उपमहानिर्देशक | १ |
| निर्देशक (प्र.-१ प्रा.-४) | ५ |
| शाखा अधिकृत | १ |
| कानून अधिकृत | १ |
| लेखा अधिकृत | १ |
| रा.प.तृ. प्राविधिक | २८ |
| नायब सुब्बा | ४ |
| ल्याब टेक्निसियन | १ |
| लेखापाल | १ |
| पुस्तकालय सहायक | १ |
| कम्प्युटर अपरेटर | ३ |
| जम्माः- | ४८ |

<u>सेवा करारबाट</u>

ह.स.चा. ३ का.स. ४

## अनुसूची १

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय

# वातावरण विभाग

## सांगठनिक ढाँचा

**महानिर्देशक**
रा.प.प्रथम (प्राशासन) -१

**उपमहानिर्देशक**
रा.प.प्रथम, (इन्जि,केमिष्ट्री) -१

**प्रशासन तथा योजना शाखा**

- उपसचिव, रा.प.द्वि., प्र.,(प्रशासन सा.प्र.)१
- शाखा अधिकृत रा.प.तृ.,(प्रशासन.सा.प्र.)१
- कानून अधिकृत रा.प.तृतीय,(न्याय, कानून) १
- कृषि अर्थविज्ञ, रा.प.तृ (कृषि, एगृ, इको, एण्ड मार्के) १
- कम्प्युटर अधिकृत रा.प.तृ.प्रा, (विविध) १
- वातावरण निरीक्षक रा.प.तृतीय, (विविध) १
- ना.सु. रा.प.अनं प्र.,(प्रशासन,सा. प्र.) ४
- कम्प्युटर अपरेटर (रा.प.अनं. प्र. विविध) ३
- पुस्तकालय सहायक रा.प.अनं.प्र.(शिक्षा, पुस्तकालय विज्ञान) १
- ह.स.चा. श्रेणीविहिन ३
- का.स. श्रेणीविहिन ४

**वातावरणीय अनुगमन तथा परीक्षण शाखा**

- वैज्ञानिक अधिकृत, रा.प.द्वि. (वन, बोटानी) १
- वातावरण निरीक्षक रा.प.तृ, (विविध) ६
- इन्जिनियर, रा.प.तृ. (ईन्जि. हाइड्रोपावर) १
- इन्जिनियर, रा.प.तृ. (ईन्जि, सिभिल) १
- जियोलोजिष्ट रा.प.तृ. (ईन्जि. जियोलोजी) १

**आर्थिक प्रशासन शाखा**

- लेखा अधिकृत रा.प.तृ.(प्र.ले.) १
- लेखापाल रा.प.अनं.प्र.(ले.) १

**प्रदुषण नियन्त्रण तथा नियमन शाखा**

- सि.डि.के.रा.प.द्वि. (इन्जि, केमिष्ट्री) १
- वातावरण निरीक्षक रा.प.तृ. (विविध) ५
- केमिष्ट, रा.प.तृ.इन्जि., (केमिष्ट्री) १
- मेकानिकल.ईन्जिनियर रा.प.तृ.(इन्जि. ज.मे.) १
- इन्जिनियर, रा.प.तृ. (इन्जि. सिभिल) १

**वातावरणीय अध्ययन तथा तथ्याङ्क शाखा**

- बरिष्ठ कृषि अर्थ विज्ञ रा.प.द्वि., (कृषि, एगृ इको.एण्ड. मार्के) १
- वातावरण निरीक्षक रा.प.तृ. (विविध) ४
- केमिष्ट, रा.प.तृ. (इन्जि, केमिष्ट्री) १
- इन्जिनियर, रा.प.तृ. (ईन्जि. सिभिल) १

**वातावरणीय प्रयोगशाला शाखा**

- सि.डि.के.रा.प.द्वि., (इन्जि. केमिष्ट्री) १
- केमिष्ट, रा.प.तृ., (इन्जि, केमिष्ट्री) ३
- ल्याबटे.रा.प.अनं.प्रथम, (ईन्जि.केमिष्ट्री) १

**विभाग अन्तर्गत रहेका शाखाहरुको कार्यविवरण निम्नानुसार रहेको छः**

**(क) प्रशासन तथा योजना शाखाः**

- विभागका कर्मचारीहरुको अभिलेख अध्यावधिक गर्ने सम्बन्धी कार्य गर्ने ,
- कर्मचारी दरवन्दी श्रृजना गर्नको लागि आवश्यक प्रारम्भिक कार्य पुरा गरी महानिर्देशक समक्ष पेस गर्ने,
- कर्मचारीको सरुवा, बढुवा र विभागीय कारवाहीका निमित्त पेश गर्ने,
- तालिम तथा छात्रवृत्तिमा मनोनयन सम्बन्धी कार्य गर्ने,
- कर्मचारीको हाजिरी विदा सम्बन्धी कार्य गर्ने,
- विभागको भौतिक साधनहरुको स्याहार, सम्भार, मर्मत तथा संरक्षणको व्यवस्था मिलाउने,
- आर्थिक प्रशासन एवं जिन्सी व्यवस्थापन सम्बन्धी कार्यहरु गर्ने,
- विभागको योजना तथा कार्यक्रम तर्जुमा सम्बन्धी कार्यहरु गर्ने, स्वीकृत योजना तथा कार्यक्रम कार्यान्वयन गर्ने ,
- विभाग र अन्तर्गतका निकायबाट भए गरेका योजना तथा कार्यक्रमको अनुगमन तथा मुल्याङ्कन गर्ने गराउने,
- विभागबाट संचालन गरिने आयोजनाहरुको प्रस्ताव तयार गर्ने,
- मातहतका कर्मचारीको कामको सुपरीवेक्षण गर्ने र आवश्यकता अनुसार सल्लाह, सुझाव एवं निर्देशन दिने।

**(ख) वातावरणीय अनुगमन तथा परीक्षण शाखाः**

- वातावरणीय प्रभाव मूल्याङ्कन तथा यस सम्बन्धी प्रतिवेदनको प्राविधिक पक्षमा अध्ययन एवं राय सुझाव दिने ।
- स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनहरुको कार्यान्वयन स्थीति सम्बन्धी अनुगमन गर्ने, सम्बन्धित निकायलाई अनुगमन गर्न प्रोत्साहित गर्ने र त्यस्ता प्रतिवेदन सार्वजनिक गर्ने ।
- वातावरणीय परिक्षण गर्ने गराउने तथा त्यस्ता प्रतिवेदन सार्वजनिक गर्ने ।
- वातावरणीय परिक्षण एवं अनुगमन कार्यलाई सरलीकृत गर्दै लग्न आवश्यक निर्देशिका दिग्दर्शन एवं ढाँचा तयार एवं अध्यावधिक गरी प्रकाशन गर्ने ।
- वातावरणीय प्रभाव मूल्याङ्कन सम्बन्धी अध्ययन अनुसन्धान कार्य गर्ने गराउने ।
- वातावरणीय प्रभाव मूल्याङ्कन सम्बन्धी निर्देशिका, दिग्दर्शन एवं मापदण्डहरुको विकास एवं अध्यावधिक गरी कार्यान्वयन गर्ने गराउने ।
- वातावरणीय प्रभाव मूल्याङ्कन सम्बन्धी अध्ययन गर्ने संघ संस्थाहरुलाई जिम्मेवार बनाउनका लागि यस्ता संस्थाहरुलाई अनुमतिपत्र जारी गर्ने कार्य गर्ने गराउने ।
- वातावरणीय प्रभाव मूल्याङ्कन सम्बन्धमा प्रचारप्रसार, जनचेतना अभिबृद्धि एवं जनशक्ति विकास कार्यक्रम सञ्चालन गर्ने गराउने ।
- प्राकृतिक श्रोतमा पर्ने प्रभावहरुको यथेष्ट मूल्याङ्कन गर्ने गराउने एवं सो सम्बन्धमा प्राविधिक राय उपलव्ध गराउने ।
- प्राकृतिक सम्पदा एवं जैविक विविधता सम्बन्धी आवश्यक कार्य गर्ने गराउने ।
- वातावरणीय प्रभाव मूल्याङ्कन, अनुगमन तथा परिक्षण सम्बन्धमा अन्य कार्यहरु गर्ने गराउने ।

- वातावरणीय निरिक्षकहरु मार्फत वा अन्य कार्यालयहरुमा रहेका वातावरण संरक्षण सम्बन्धी प्राविधिकहरुलाई अनुगमन कार्यमा परिचालन गर्ने ।

**(ग) वातावरणीय अध्ययन तथा तथ्यांक शाखाः**

- जलवायु परिवर्तन सम्बन्धी जोखिम न्यूनीकरणका कार्यक्रमहरु पहिचान गरी कार्यान्वयन गर्ने, गराउने।
- जलवायु परिवर्तन भू–क्षयीकरण, मरुभूमिकरण तथा जैविक विविधताबाट हुने ह्रासका कारण वातावरणमा पर्ने नकारात्मक असर-प्रभावहरु पहिचान गरी अनुकुलन तथा न्यूनिकरण गर्ने कार्यक्रमहरु तर्जुमा गर्ने गराउने तथा यस सम्बन्धमा अन्य सरोकारवालाहरु समेतको समन्वयमा कार्यक्रमहरु संचालन गर्ने ।
- हरितगृह ग्याँसको उत्सर्जन न्यून गर्ने एवं अनुकूलन सम्बन्धी आवश्यक प्रविधिको विकास तथा हस्तान्तरण एवं प्राविधिक तथा आर्थिक सहुलियत प्रदान गर्ने सम्बन्धी कार्यहरु गर्ने ।
- जलवायु परिवर्तनबाट हुन सक्ने प्रभावको न्यूनीकरण एवं अनुकूलन सम्बन्धी कार्यहरुको पालना एवं प्रभावकारिता सम्बन्धी अनुगमन तथा मूल्याङ्कन गरी आवश्कयतानुसार बार्षिक प्रतिवेदन तयार गरी प्रकाशन गर्ने ।
- स्वच्छ विकास संयन्त्र सम्बन्धी प्रस्तावहरुको कार्यान्वयनसंग सम्बन्धित अनुगमन एवं मूल्याङ्कन गर्ने ।
- स्वच्छ विकास सम्बन्धी प्रस्तावहरुको कार्यान्वयनबाट गरिवी निवारण लगायत दिगो विकासको लक्ष्य हाँसिल गर्न सहयोग पुगे नपुगेको वारेमा स्थिति प्रतिवेदन तयार गरी प्रकाशन गर्ने ।
- जलवायु परिवर्तन सम्बन्धी महासन्धि एवं यस अन्तर्गतका प्रोटोकलमा उल्लिखित प्रावधानहरु एवं पक्ष राष्ट्रहरुको सम्मेलनबाट पारित निर्णयहरुका कार्यान्वयनको लागि तोकिएका अन्य कार्यहरु गर्ने ।
- प्रकोप न्यूनिकरण सम्बन्धी नीति तथा रणनीति तयार गर्ने ।
- National Adaptation Program of Action मा उल्लेख भएका अनुकुलन तथा न्यूनीकरणका कार्यत्रक्रमहरु संचालन गर्ने कार्य सम्बन्धी कार्य गर्ने ।
- प्राकृतिक तथा मानव सृजित प्रकोपहरुबाट हुने जोखिमबाट बच्न गर्न सकिने उपायहरुवारे जन चेतना अभिवृद्धि गर्ने कार्यक्रम तर्जुमा गर्ने ।

**(घ) वातावरणीय प्रदूषण नियन्त्रण तथा अनुगमन शाखाः**

- वातावरण व्यवस्थापनको कार्यसम्पादनमा आवश्यक पर्ने औद्योगिक निष्काशनका नमूना सङ्कलन परीक्षण सम्बन्धी आवश्यक कार्य गर्ने, गराउने ।
- वातावरणीय मापदण्ड विकासका लागि अन्य मुलुकहरुमा अवलम्बन भइसकेका मापदण्डहरुलाई देशभित्र लागू गर्नका लागि प्रारम्भिक अनुसन्धान गर्न सहयोग पुर्‍याउने ।
- वातावरणीय मापदण्ड पालना गराउने कार्यमा वातावरणीय निरिक्षकहरुलाई परिचालन गर्ने, गराउने सम्बन्धी आवश्यक कार्य गर्ने ।
- वातावरण निरीक्षकहरु मार्फत स्थानीय निकायहरुमा रहेका वातावरण संरक्षण प्राविधिकहरुलाई मापदण्ड अनुगमन तथा प्रदूषण नियन्त्रण कार्यमा परिचालन गर्ने योजना बनाउने तथा परिचालन गर्ने ।

- स्थानीय निकायहरुका वातावरण संरक्षण प्राविधिकहरुलाई आवश्यक तालिमको योजना तयार गरी तालिम संचालन गर्न गराउन आवश्यक सहयोग पुऱ्याउने ।
- वार्षिक मापदण्ड पालना सम्बन्धी तथ्याङ्कहरु संकलन गरी रेकर्ड राख्ने व्यवस्था मिलाउन सहयोग पुयाउने ।
- सम्बन्धित उद्योगहरुको संलग्नतामा मापदण्ड पालनाका लागि शर्त तोक्ने तथा पालना सम्बन्धी समयावधि निर्धारण गर्न सहयोग पुऱ्याउने तथा स्वीकृतिका लागि पेश गर्ने ।
- उद्योगहरुलाई सोझै वा स्थानीय निकायहरु मार्फत प्रदूषण नियन्त्रण प्रमाणपत्र जारी गर्ने गराउने कार्यमा सहयोग पुऱ्याउने ।
- प्रदूषण नियन्त्रणका प्रविधि सम्बन्धी सूचनाहरु संकलन गरी उद्योगहरुलाई सूचनाहरु उपलब्ध गराउने सम्बन्धी कार्य गर्ने ।

**ङ) प्रयोगशाला शाखाः**

- उद्योगहरुबाट हुन Air Emission निष्काशनको नाप जाँच गर्ने ।
- देशभरिका प्रमुख नदि प्रणालीको प्रदूषणको अवस्था जाँच गर्ने ।
- उद्योगहरुबाट निस्कने फोहोरपानी (Effluent) को परिक्षण गर्ने ।
- उद्योगहरुबाट निस्केको हानिकारक फोहोरजन्य पदार्थहरुको परिक्षण गर्ने र पहिचान (Characterization) गर्ने ।
- प्रयोगशालाहरुमा हुने विभिन्न प्रकारको उपकरणहरु संचालन एवं मर्मत सम्भार गर्ने ।
- प्रयोगशालाहरुमा गुणस्तर व्यवस्थापन प्रणाली लागू गर्ने, कार्यान्वयन गर्ने ।
- विभिन्न प्रयोगशालाहरुका उपकरण एवं संयन्त्रहरुको क्यालिब्रेशन गर्ने गराउने ।
- प्रयोगशालाहरुमा हुने Proficiency Testing Program मा भाग लिने ।
- Soil, Water, Plant, Sediment, Air आदि परिक्षण एवं विश्लेषण अनुसन्धान गर्ने ।
- अन्य वातावरणीय प्रयोगशालाहरुको मापदण्ड निर्धारण गरी अनुगमन गर्ने ।

**४. विभागबाट प्रदान गरिने सेवाः**

**५. सेवा प्रदान गर्ने निकायको शाखा, जिम्मेवार अधिकारीः**

**६. सेवा प्राप्त गर्दा लाग्ने दस्तुरः**

विभागबाट प्रदान गरिने सेवा, सेवा प्रदान गर्ने निकायको शाखा, जिम्मेवार अधिकारी, सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधिको लागि नागरिक बडापत्रको व्यवस्था देहाय बमोजिम गरिएको छः

| क्र. सं | कामको विवरण | आवश्यक कागजात | काम गर्ने अवधि | सम्पर्क अधिकारी | दस्तुर | गुनासो सुन्ने अधिकारी |
|---|---|---|---|---|---|---|
| १. | वातावरणीय प्रदुषण सम्बन्धी प्राप्त उजुरीहरुको आवश्यक छानविन/अनुगमन गरी सूचना प्रवाह गर्ने | उजुरी र सो सँग सम्बन्धित अन्य सूचना तथा कागजातहरु | ३० दिन | शाखा प्रमुख प्रदुषण नियन्त्रण तथा नियमन शाखा | नलाग्ने | उप-महानिर्देशक |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २. | स्वीकृत वातावरणीय प्रभाव अध्ययन नभएका आयोजनाका सम्बनधमा प्राप्त उजुरीहरुको आवश्यक आवश्यक छानविन/अनुगमन गरी सूचना प्रवाह गर्ने | उजुरी र सो सँग सम्बन्धित अन्य सूचना तथा कागजातहरु | ३० दिन | शाखा प्रमुख, वातावरणीय अनुगमन तथा परीक्षण शाखा | नलाग्ने | उप-महानिर्देशक |
| ३ | स्वीकृत वातावरणीय प्रभाव अध्ययन नभएका आयोजनाहरुको अनुगमनबाट प्राप्त भएको तथ्य सार्वजनिक गर्ने | अनुगमन प्रतिवेदन | अनुगमन सम्पन्न भएको ३० दिन | शाखा प्रमुख, वातावरणीय अनुगमन तथा परीक्षण शाखा | नलाग्ने | उप-महानिर्देशक |
| ४ | स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन नभएका आयोजनाहरुको परीक्षण गर्ने | निवेदन र अध्ययन प्रतिवेदन | ३ दिन | शाखा प्रमुख, वातावरणीय अनुगमन तथा परीक्षण शाखा | नलाग्ने | उप-महानिर्देशक |
| ५. | Non-ODS ग्यासको आयातको लागि सिफारिस गर्ने | भन्सार विभागबाट प्रयोगशाला प्रतिवेदन सहितको सिफारिस माग गरेको पत्र, बिल, Commerical Invoice वा Performance | ३ दिन | वातावरणीय प्रयोगशाला शाखा | नलाग्ने | उप-महानिर्देशक |
| ६. | धरौटी सम्बन्धी कार्य | निवेदन, करचुक्ता प्रमाणपत्र, बैंक भौचर, मू.अ.कर समायोजन | ३ दिन | शाखा प्रमुख आर्थिक प्रशासन शाखा | नलाग्ने | महानिर्देशक |
| ७. | विभागसँग सम्बन्धीत सूचना तथा जानकारी | निवेदन | तुरुन्तै/नियमानुसार | सूचनाअधिकारी | नलाग्ने | महानिर्देशक |
| ८. | विभागका कर्मचारीहरुको व्यावसायिक आचरण सम्बन्धमा प्राप्त अजुरी/गुनासो सुनवाई | उजुरी र सो सँग सम्बन्धित अन्य सूचना तथा कागजातहरु | ३ दिन | शाखा प्रमुख, प्रशासन तथा योजना शाखा | नलाग्ने | महानिर्देशक |

*नोट वडापत्रमा उल्लेख भएका कार्यहरुको कार्यान्वियनको अनुगमन र आवश्यक व्यवस्थापन महानिर्देशकज्यूबाट हुनेछ ।*

## ७. निर्णय गर्ने प्रक्रिया र अधिकारीः

(क) निर्णय प्रक्रिया सम्बन्धमाः

१. विभागले उपलब्ध गराउने सेवा सम्बन्धमाः

- सरकारी निर्णय प्रक्रिया सरलीकरण निर्देशिका, २०६५ बमोजिम

२. सूचनाको हक सम्बन्धी ऐन, २०६४ बमोजिम माग गरिने सूचना सम्बन्धमाः

- सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ७ बमोजिम

(ख) निर्णय गर्ने प्रक्रिया अधिकारी सम्बन्धमाः

१. विभागले सम्पादन गर्ने कार्यहरु सम्बन्धमाः

- वन तथा वातावरण मन्त्रालय मार्फत मन्त्रिपरिषद्मा प्रस्ताव पठाएर
- माननीय वन तथा वातावरण मन्त्री स्तरबाट
- वन तथा वातावरण सचिवस्तरबाट
- माननीय वन तथा वातावरण मन्त्री/सचिवबाट प्रत्यायोजित अधिकार बमोजिम
- सुशासन (व्यवस्थापन तथा तथा संचालन) ऐन, २०६४ बमोजिम प्राप्त अधिकार बमोजिम,
- अन्य विशेष ऐन, नियमले महानिर्देशकले गर्ने भनी तोकिएका कामहरु
- महानिर्देशकले प्रत्यायोजन गरेको अधिकार बमोजिम तोकिएको कर्मचारीले ।

## ८. निर्णय उपर उजुरी सुन्ने अधिकारीः

विभागले उपलब्ध गराउने सेवा सम्बन्धमाः

- प्रचलित ऐन कानूनमा तोकिए बमोजिम सूचनाको हक सम्बन्धी ऐन र नागरिक बडापत्र बमोजिम

## ९. विभागले गत आ.व २०८१/०८२ चौथो त्रैमासिकमा सम्पादन गरेका प्रमुख कामको विवरणः

**सम्पादित मुख्य कृयाकलापहरु**

**(नीति तथा कार्यक्रम र बजेट वक्तव्य)**

- ✓ १० वटा आयोजनाको वातावरणीय परिक्षण सम्पन्न भएको ।
- ✓ त्रियानब्बे (९३) वटा वातावरणीय अनुगमनको कार्य सम्पन्न भएको ।
- ✓ वातावरणीय प्रदूषण रोकथाम तथा नियन्त्रणका लागि नदीनाला, तालतलैयाको पानी तथा उद्योग कलकारखानाबाट निष्काशित फोहोर पानी लगायतका जम्मा १३० वटा नमुना संकलन तथा विश्लेषण भएको।
- ✓ वायु गुणस्तर मापन केन्द्र (PM Only) मुस्ताङ जिल्लाको जोमसोममा स्थापना ।
- ✓ प्रदूषण नियन्त्रण प्रमाणपत्र मस्यौदा निर्देशिका, २०८१ मन्त्रालय पेश भएको (मिति २०८१/०८/२५)

**(पुँजिगत तर्फ)**

- ➢ वायु गुणस्तर मापन केन्द्र (PM Only) मुस्ताङ जिल्लाको जोमसोममा स्थापना
- ➢ Spare Parts and consumables for Existing Air Quality PM Equipment को खरीद सम्पन्न भएको ।
- ➢ Spare Parts and consumables for Existing Air Quality DAQ and Housing को खरी सम्पन्न भएको ।
- ➢ वातावरण विभागको हलको ईन्टेरियर डिजाईन सहित online meeting को लागि क्यामरा लगायत अन्य उपकरण जडान सम्पन्न

**<u>सम्पादित मुख्य कामहरु</u>**

**<u>(चालु तर्फ)</u>**

- वातावरणीय परीक्षण २ वटा आयोजनाको सम्पन्न भएको।
- उद्योग प्रतिष्ठानको वातावरण प्रदूषण सम्बन्धी ४९ वटा अनुगमन एवं निरीक्षण गर्ने ।
- वातावरण विषयमा स्नातकोत्तर गरिरहेका १० जना विद्यार्थीहरुलाई शोध सहायता कार्य सम्पन्न भएको
- वातावरणीय प्रदूषण रोकथाम तथा नियन्त्रणको लागी नदीनाला, तालतलैयाको पानी तथा उद्योग, कलकारखानाबाट निश्कासित फोहोर पानी लगाएतका ४४ वटा (नदीको पानी-१५, फोहोर पानी- २९) वटा नमुना संकलन तथा विश्लेषण।
- ६ वटा Rain water, ४ वटा Ambient air, को नमुना पारो परिक्षणका लागि जापान र ताईवान पठाईएको।
- सन् २०२४ को वायु गुणस्तर मापन केन्द्रबाट प्राप्त तथ्याङ्कको विश्लेषण गरी प्रतिवेदन प्रकाशित भएको ।
- विद्यालय केन्द्रित वातावरण संरक्षण कार्यक्रम अन्तर्गत २५ वटा विद्यालयमा वातावरण संरक्षण सम्बन्धि कार्यक्रम सञ्चालन भई सम्मपन्न भएको ।
- ४ वटा विधामा वातावरणीय पत्रकारिता पुरस्कार वितरण सम्पन्न।
- विश्व वातावरण दिवस-२०२४ को मूल समारोह सम्पन्न।
- नेपाल टेलिभिजनसँग सम्झौता भई पाक्षिक रुपमा वातावरण चौतारी कार्यक्रम मंगलबार साँझ ७:२५ बजे ४ वटा भाग प्रसारण भएको।
- रेडियो नेपालसँग रेडियो जिङ्गल बिहान ९ बजेको समाचार अघि गरी दिनमा ५ पटक निःशुल्क नियमित बजेको तथा मेट्रो ट्रफीक एफ.एम. बाट प्रत्येक दिन बिहान ०९:०० देखि ११:०० र दिउँसो १६:०० देखि १८:०० बजेसम्म २ मिनेट नियमित सन्देश बजेको ।
- वातावरण जर्नल को भोलुम — ११ प्रकाशित भएको ।

## १०. सूचना अधिकारी र प्रमुखको नाम र पदः

**प्रमुखको नाम तथा पदः**
नामः ज्ञान राज सुवेदी
पदः महानिर्देशक
टेलिफोन नं. ९८५१३३७१०८

**सूचना अधिकारीको नाम तथा पदः**
नामः दीपक ज्ञवाली
पदः सि.डि.के.
टेलिफोन नं. ९८५१३१८४२४

## ११. विभागसँग सम्बन्धित ऐन, नियम, विनियम वा निर्देशिकाको सूचीः

**विषयगत नीति एवं कानूनहरुः**

- ✓ वातावरण संरक्षण नीति, २०७६
- ✓ जलवायु परिवर्तन नीति, २०७६
- ✓ वातावरण संरक्षण ऐन, २०७६
- ✓ वातावरण संरक्षण नियमावली, २०७७
- ✓ ओजोन तहलाई विनास गर्ने पदार्थको खपत नियन्त्रण नियमावली, २०५७

**वातावरण सम्बन्धी निर्देशिका र मापदण्डहरुः**

- इट्टाँभट्टा उद्योगबाट निस्कने धुँवा वा तथा चिम्नीको उचाइ सम्बन्धी मापदण्ड, २०६४
- प्लाष्टिक झोला (नियमन तथा नियन्त्रण) निर्देशिका, २०६८
- नेपाल सवारी प्रदूषण मापदण्ड, २०६९
- वायुको गुणस्तर सम्बन्धी राष्ट्रिय मापदण्ड, २०६९
- औद्योगिक व्वाइलरको सञ्चालनबाट निष्कासन हुने धुवाँ सम्बन्धी मापदण्ड, २०६९
- औद्योगिक व्वाइलरको चिम्नीको उचाई सम्बन्धी मापदण्ड, २०६९
- ध्वनिको गुणस्तर सम्बन्धी राष्ट्रिय मापदण्ड, २०६९
- सिमेन्ट र क्रसर उद्योगबाट निष्कासन भई हावामा जाने धुलो सम्बन्धी मापदण्ड, २०६९
- डिजेल जेनेरेटरबाट निष्कासन भई हावामा जाने धुवाँ सम्बन्धी मापदण्ड, २०६९
- इन्सिनेरेटबाट निष्कासित धुवाँ र चिम्नीको उचाई सम्बन्धी मापदण्ड, २०७१
- पेन्ट्समा लिडको मात्रा सम्बन्धी मापदण्ड, २०७१
- सतही पानीमा पठाइने औद्योगिक एफ्ल्युएन्टको लागि घटी बढी सीमा
- सार्वजनिक ढलहरुमा पठाउने औद्योगिक एफ्ल्युएन्टको लागि घटि बढी सीमा
- संयुक्त फोहोर पानी प्रशोधन प्लान्टबाट सतही पानीमा पठाउने औद्योगिक एफ्ल्युएन्टको लागि घटि बढी सीमा
- उद्योगबाट सतही पानीमा पठाईने औद्योगिक एफ्ल्युएण्टको मापदण्डः
  - ✓ गैर अल्कोहलजन्य पेय पदार्थ सम्बन्धी उद्योगहरु
  - ✓ औषधी उत्पादन गर्ने उद्योगहरु
  - ✓ छाला उद्योगहरु
  - ✓ ऊन प्रशोधन उद्योगहरु
  - ✓ फर्मेन्टेशन उद्योगहरु
  - ✓ वनस्पति घ्यू तथा तेल उद्योगहरु
  - ✓ पेपर र पल्प उद्योगहरु
  - ✓ दूध उद्योगहरु
  - ✓ चिनी उद्योगहरु
  - ✓ सुती कपडा उद्योगहरु
  - ✓ साबुन उद्योगहरु
  - ✓ पेन्ट्स उद्योगहरु
  - ✓ ग्याल्भनाइजिंग उद्योगहरु
  - ✓ अस्पताल
- नेपाल सरकारले वातावरण संरक्षण ऐन, २०५३ को दफा ७ को उप दफा (३) ले दिएको अधिकार प्रयोग गरी यो सूचना प्रकाशन भएको मितिले १८१ औं दिनदेखि लागू हुने गरी सवारी साधनमा प्रयोग हुने Brake Shoe र Clutch Plate को Asbestos Lining बाहेक Asbestos Corrugated/Non Corrugated Sheet, Tiles, Insulators आदि सबै Asbestos र Asbestos युक्त वस्तुको आयात, विक्री वितरण र प्रयोग गर्न प्रतिवन्ध लगाएको । (मिति २०७१ पौष ७ को राजपत्रको सूचना)
- नेपाल सरकार, वन तथा वातावरण मन्त्रालयले वातावरण संरक्षण ऐन, २०७६ को दफा १५ को उपदफा (६) ले दिएको अधिकार प्रयोग गरी औद्योगिक कच्चा पदार्थ वा अर्ध तयारी कच्चा पदार्थको रुपमा प्रयोग हुने प्लाष्टिकजन्य कच्चा पदार्थ बाहेक चालिस माईक्रोन भन्दा पातलो प्लाष्टिकको झोला वा अन्य उत्पादन, आयात, बिक्री वितरण र प्रयोगमा पूर्णरुपमा रोक लागउने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

द्रष्टव्यः खण्ड ७१) संख्या २१ भाग ५ मिति २०७८/०५/२८ नेपाल राजपत्रमा प्रकाशित यस मन्त्रालयको सूचना खारेज गरिएको छ । (मिति २०७८ असोज १८ को राजपत्रको सूचना)

- नेपाल सरकार, वन तथा वातावरण मन्त्रालयले वातावरण संरक्षण ऐन, २०७६ को दफा १५ को उपदफा (६) ले दिएको अधिकार प्रयोग गरी नेपालभर प्लाष्टिकजन्य फूलगुच्छाको उत्पादन, आयात, बिक्री वितरण वा भण्डारण गर्न पूर्णरुपमा रोक लगाउने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ । (मिति २०७९ श्रावण १२ को राजपत्रको सूचना)

**१२. आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरणः**

वातावरण विभागको आ.व.२०८१/८२ को बैशाख देखि असार मसान्तसम्म स्वीकृत वार्षिक कार्यक्रम तथा बजेट अनुसार चालु तर्फ रु. २४९४९ (रु. हजारमा) र पूँजिगत तर्फ रु. ३०३७८ (रु. हजारमा) गरी जम्मा रु. ५५३२७ (रु. हजारमा) खर्च भएको।

## सूचनाको हक सम्वन्धी नियमावली, २०६५ को नियम ३ बमोजिमको विवरण

**१. अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना सञ्चालन गरेको भए सोको विवरणः**

**२. विभागको Website को विवरणः** www.doenv.gov.np

**वायु गुणस्तर सम्बन्धी विवरणः** www.pollution.gov.np

**अन्य सामाजिक संजालहरुः**

**Facebook:** *वातावरण विभाग*

**Instagram:** *Department of Environment*

**Twitter:** *वातावरण विभाग*

**YouTube:** *Department of Environment @DoEnvOfficial*

**LinkedIn:** *Department of Environment DoEnvOfficial*

**३. विभागले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरणः**

यस सम्बन्धी कुनै विवरण नभएको ।

**४. विभागले गत आ.व २०८१/०८२ मा वार्षिक रुपमा सम्पादन गरेका प्रमुख कामको प्रगति विवरणः**

**सम्पादित मुख्य कामहरु**

**(पुँजिगत तर्फ)**

१. क्यालिब्रेसन र उपकरण मर्मत कक्षको Refurbish गर्ने ।
२. वायु गुणस्तर मापन केन्द्र मुस्ताङको जोमसोममा स्थापना (PM only)।
३. Spare Parts and consumables for Existing Air Quality DAQ and Housing को खरिद खरिद सम्पन्न ।
४. Spare Parts and consumables for Existing Air Quality PM Equipment को खरिद सम्पन्न
५. वातावरण विभागको भवनको बेसमेन्ट सहित भौतिक संरचना मर्मत सम्भार भएको।
६. वातावरण विभागको सभाहलमा ईन्टेरियर डिजाईन सहित online meeting को लागि क्यामरा लगायत अन्य उपकरण जडान गरिएको।
७. इलेक्ट्रिकल मोटरसाइकल/स्कुटर, ल्यापटप, Air Condition खरिद।
८. सामाजिक सञ्जालमा चेतनामूलक सामाग्री फोटोग्राफी तथा भिडीयोग्राफिका लागि क्यामरा तथा Accessories खरिद।

९. Environment Podcast को लागि आवश्यक सामाग्री खरिद (माईक, स्टयान्ड, ग्यजेट्जस तथा अन्य सामाग्री)।

<u>सम्पादित मुख्य कामहरु</u>

<u>(चालु तर्फ)</u>

- ✓ काठमाण्डौ उपत्यका वायु गुणस्तर व्यवस्थापन कार्ययोजना कार्यान्वयन सम्बन्धी समितिको बैठक तथा अन्तरक्रिया कार्यक्रम।
- ✓ वायु गुणस्तर मापन केन्द्रबाट प्राप्त तथ्यांक बिश्लेषण गरी स्थीति प्रतिवेदन तयार गर्ने तथा प्रकाशन।
- ✓ सवारी प्रदुषण अनुगमन (छड्के)।
- ✓ उद्योग प्रतिष्ठानको वातावरण प्रदूषण सम्बन्धी अनुगमन एवं निरीक्षण गर्ने।
- ✓ जल तथा वायु गुणस्तर मापन केन्द्र तथा वायु डिजिटल डाटा डिस्प्ले बोर्डको सञ्चालन खर्च (विद्युत, सुरक्षा, इन्टरनेट, पेन्टिङ्ग, फ्लोरिङ्ग लगायत सामान्य मर्मत, SIM recharge, सवारी चालक १, स्थानान्तरण, अनुगमन, इन्धन, सवारी साधन मर्मत लगायत भैपरी तथा अन्य विविध खर्च समेत)।
- ✓ वातावरण प्रबर्द्धन पत्रकारिता पुरस्कार तथा सम्मान र अन्तरक्रिया कार्यक्रम।
- ✓ वातावरणीय सचेतना सम्बन्धी कार्यक्रम, सन्देश, सूचना, श्रव्य दृश्य, रेडियो जिङ्गल सामाग्री उत्पादन, प्रसारण तथा सामाजिक सञ्जालमा सन्देशमूलक सामाग्रीको विज्ञापन (रेडियो/टेलिभिजन/सामाजिक सञ्जाल)।
- ✓ पुस्तकालय सुदृढीकरण।
- ✓ वातावरणीय प्रदूषण रोकथाम तथा नियन्त्रणको लागी नदीनाला, तालतलैयाको पानी तथा उद्योग, कलकारखानावाट निश्कासित फोहोर पानी लगाएतका नमुना संकलन तथा विश्लेषण।
- ✓ वायुमा रहेको mercury को Dry and wet deposition विधिबाट अध्ययन गर्ने।
- ✓ Accreditation का लागि आवश्यक कार्य गर्ने (प्रयोगशाला Audit गर्ने/गराउने, PT/ILC मा साहभागि हुने, क्षमता अभिवृद्धि तालिममा (राष्ट्रिय/ अन्तरर्राष्ट्रिय) सहभागि हुने, तालिम संचालन गर्ने, calibration गर्ने)।
- ✓ EIA स्वीकृत भएका आयोजनाहरुको वातावरणीय परीक्षण (Environmental Audit)।
- ✓ वातावरणीय प्रभाव मूल्याङ्कन अनुगमन निर्देशिका तयारी ।
- ✓ वातावरण बुलेटिन प्रकाशन, वातावरण जर्नल प्रकाशन।
- ✓ स्नाकोत्तर तहमा वातावरण विषयमा शोध गरिरहेका विद्यार्थिहरुलाई शोध सहायता कार्यक्रम।
- ✓ सरोकारवाला निकायसँग कृषि र वातावरण सम्बन्धि अन्तरक्रिया कार्यक्रम।
- ✓ त्रिभुवन विश्वविद्यालय सँग वातावरण प्रदुषण संरक्षण सम्बन्धि अध्ययन अनुसन्धान तथा तथ्याङ्क विश्लेषणमा सहकार्य।
- ✓ वातावरणीय संरक्षण र सरसफाई सम्बन्धी स्थानिय तहको असल अभ्यासको अवलोकन गरी प्रतिवेदन तयार गर्ने।
- ✓ सवारी साधनबाट निस्कासन हुने ध्वनीको सिमा सम्बन्धी मापदण्डको मस्यौदा तयार गरि वन तथा वातावरण मन्त्रालयमा पेश गरिएको ।
- ✓ विभागको कर्मचारीका लागि EMS (ISO 14001:2015), basic WRF, Environmental Audition,Advanced Data Analysis तथा अन्य व्यक्तिगत सिप विकास तालिम।

<u>अन्य सम्पादित कृयाकलापहरु</u>

- नेपाल सरकार वन तथा वातावरण मन्त्रालय वातावरण विभाग समेत आयोजना रहेको वायु प्रदूषण सम्बन्धी एशिया प्यासिफिक संगठन (UN ESCAP) काठमाडौंमा आयोजित गोष्ठी मिति २०८१/०८/२४ र २०८१/०८/२५ गते सोल्टी होटल काठमाडौंमा सम्पन्न भएको छ ।
- आ.व. २०८१/८२ मा प्राप्त भएका ४७ उजुरी मध्य ३० वटा उजुरी फर्छ्यौट गरिएको।
- मन्त्रालयका बिभिन्न समितिहरुमा रही कार्य गरेको।
- विभिन्न निकायहरुबाट देशका विधिन्न स्थानहरुमा रहेका AQMS बाट प्राप्त तथ्याङ्क माग भए बमोजिम प्रदान गरिएको।
- विभिन्न वातावरणीय मापदण्ड तथा निर्देशिका तर्जुमा तथा पुनरावलोकन कार्यमा मन्त्रालयलाई प्राविधिक सहयोग प्रदान गरिएको।
- वायू गुणस्तर सम्बन्धी आधारभुत जानकारी पुस्तिका प्रकाशन।
- मिति २०८१/१२/२१ गते वायु प्रदूषण न्यूनीकरणका लागि जिम्मेवार निकाय एवं विज्ञ सदस्यहरुसँगको परामर्श बैठक का.वा. प्रधानमन्त्री सम्माननीय प्रकाशमान सिंहज्यूको अध्यक्षतामा सम्पन्न ।
- Non ODS Gas आयातको लागि १८ वटा भन्सार सिफारिस गरेको।
- स्वदेशी उद्योगबाट उत्पादन हुने विद्युतीय सवारीमा प्रयोग हुने डिप लिड एसिड ब्याट्रीको शुन्य दरमा कर छुट सिफारिस १५ वटा।
- विदेशी उद्योगबाट ब्याट्री आयात भन्सार छुट सिफारिस १९ वटा। (१७ वटा लिथियम आयोन ब्याट्री, २ वटा डीप लिड एसिड ब्याट्री)
- High Volume Sampler बाट १७ वटा PM2.5 नमुनाको Gravimetric Method बाट Data Analysis.
- Anti Microbial Resistance सम्बन्धी कार्य गर्न FHI360 को सहयोगमा Microbiology Lab स्थापना भई Slaughter House, Hospital को Waste water को नमुना परिक्षण विश्लेषण।
- मिति २०८१/१२/०३ मा फैसला कार्यान्वयन निर्देशनालयलाई रिट निवेदक दिपक विक्रम मिश्र र विषक्षी नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय समेत भएको रिट नं. ०७५-WO-०७०० को उत्प्रेषणयुक्त मुद्धामा सम्मानित सर्वोच्च अदालतबाट भएको आदेश कार्यान्वयनको सम्बन्धमा विभागबाट पशुपति मन्दिर क्षेत्रको अनुगमन भएको र पशुपति क्षेत्र विकास कोषलाई वातावरणीय व्यस्थापनका क्षेत्रमा आवश्यक सुधारका लागि ऐनको दफा १५ को उपदफा (४) बमोजिम सुधारका लागि निर्देशन दिई पत्राचार गरिएको।
- मिति २०८१/११/१३ मा निवेदक श्री शुकदेव अधिकारीको निवेदनमा उल्लिखित वातावरण प्रदूषण वापतको क्षतिपूर्ति प्रदान गर्ने सम्बन्धमा यस विभागबाट भएको निर्णय सहितको सक्कलै फाइल वन तथा वातावरण मन्त्रालय पठाईएको।
- मिति २०८१/१०/२३ यस विभागलाई समेत विपक्षी बनाई दायर भएको रिट निवेदन (आँचल कुमार समेत ०८१-WO-०५८६) लिखित जवाफ श्री महान्यायधिवक्ताको कार्यलयमा पठाईएको।
- वातवरण संरक्षण ऐन,२०७६ को संशोधनको लागि तीन महले तयार गरी मन्त्रालयमा पठाईएको।

**५. विभागले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधिः**

**६. विभागमा परेका सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिइएको विवरणः**

| सि.नं. | माग गरिएको सूचनाको विवरण | सूचना उपलब्ध गराईएको विवरण | कैफियत |
|---|---|---|---|
| १ | वातावरण विभागको सहकार्यमा त्रिभुवन विश्व विद्यालयका प्रोफेसर रामप्रसाद रेग्मीको नेतृत्वमा लुम्विनी क्षेत्रको (सिमाना वारीका उत्सर्जन गतिविधि अनुसन्धान गर्ने गरी) वायु प्रदुषण उत्सर्जनको नक्साङ्कन, वायुमण्डलीय अवस्थिति अध्ययन प्रतिवेदन । | वातावरण विभाग र त्रिभुवन विश्व विद्यालयको सहकार्यमा भएको लुम्विनी क्षेत्रमा उत्सर्जित वायु प्रदुषण डिस्पर्सन मोडेलिङ एवं नियन्त्रण पद्दति विकास सम्बन्धी अध्ययन प्रतिवेदनको एक प्रतिलिपी पाना-५५ सूचना मागकर्तालाई उपलब्ध गराईएको । | |
| २ | वाततवरण विभागले काठमाडौं उपत्यका तथा लुम्विनी क्षेत्रमा वायु प्रदुषण उत्सर्जनको नक्साङ्कन र वायुमण्डलीय अवस्थितीको अध्ययन गरी काठमाडौं उपत्यका तथा लुम्विनी क्षेत्रमा उत्सर्जित वायु प्रदुषण डिस्पर्सन मोडेलिङ एवं नियन्त्रण पद्दति विकास नामक प्रतिवेदन २०१८ को पूर्ण पाठको एक प्रति। | "काडमाडौं उपत्यका तथा लुम्विनी क्षेत्रमा वायु प्रदुषण उत्सर्जित वायु प्रदुषण डिस्पर्सन मोडेलिङ एवं नियन्त्रण पद्दति विकास" नामक पूर्ण प्रतिवेदनको एक प्रति कुल पृष्ठ संख्या १९० सूचना मागकर्तालाई उपलब्ध गराईएको । | |
| ३ | नेपालमा रहेको कुल वायु प्रदुषण मापन केन्द्र कतिवटा छन् र ति मध्ये हाल संचालित वायु प्रदुषण मापन केन्द्र कतिवटा छन् । | वातावरण विभागद्वारा स्थापित वायु गुणस्तर मापन केन्द्रको कुल संख्या २९ वटा रहेको र त्यसमध्ये सुचना उपलब्ध गराईएको मिति सम्ममा कुल १४ वायु गुणस्तर मापन केन्द्र सञ्चालनमा रहेको साथै सञ्चालनमा रहेका वायु गुणस्तर मापन केन्द्रको संख्या दिनै पिच्छे फरक हुन सक्ने। | |

## ७. विभागका सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सो को विरवरणः

विभागका सूचनाहरु विभागको Website, विभागको Notice Board तथा कतिपय सूचनाहरु विभिन्न पत्रपत्रिकाहरुमा प्रकाशित हुने गरेको ।